प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२८


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब सडचालिस प्रतिशत (४७.४५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढीरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ११७९९६ (१००%) | ५५९९९ (१००%) |
| निको भएको | ८०९५४ (६८.६%) | ३२१२७ (५७.४%) |
| उपचाररत | ३६३६७ (३०.८%) | २३५७८ (४२.१%) |
| मृत्यु भएको | ६७५ (०.५७%) | २९४ (०.५३%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२८ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२८ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२८

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १६६ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ (काठमाण्डौ उपत्यकाभित्र १२७ र बाहिर ३९) जसमध्ये ५६ जना भेन्टिलेटरमा हुनुहुन्छ (काठमाण्डौ उपत्यकाभित्र ४९ र बाहिर ७) ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ - ५, ललितपुर - १, काभ्रेपलान्चोक - १, भक्तपुर - १ (**कुल जम्मा - ८**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- सामाखुशी, काठमाण्डौका ७६ वर्षीय पुरुषलाई श्वासप्रश्वासमा समस्या भई असोज १८ गते ग्राणडी अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २७ गते निधन भएको छ । उहाँको असोज २० गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेह, मृगौला र थाईरोएडको समस्याले ग्रसित हुनुहुन्थ्यो । कोटेश्वर, काठमाण्डौकी ६७ वर्षीया महिलालाई हृदयघात भई असोज २२ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २७ गते निधन भएको छ । उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो ।उहाँ उच्च रक्तचाप, मधुमेह र दिर्घ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो ।

- मैफी, काठमाण्डौकी ७४ वर्षीया महिलालाई असोज २७ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि निधन भएको छ ।उहाँको असोज २७ गते नै कोभिड-१९ पुष्टि भएको थियो । उहाँ उच्च रक्तचाप, मधुमेह र दिर्घ मृगौलाको समस्याले ग्रसित हुनुहुन्थ्यो ।बसुन्धारा-३, काठमाण्डौका ७१ वर्षीय पुरुषलाई निमोनिया भई असोज १९ गते बिपी मेमोरियल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २५ गते निधन भएको छ । उहाँको असोज २४ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौका ५६ वर्षीय पुरुषलाई असोज १९ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २० गते निधन भएको छ । उहाँको असोज २० गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ एच.आइ.भी र निमोनियाले ग्रसित हुनुहुन्थ्यो ।

- सातदोबाटो, ललितपुरका ५० वर्षीय पुरुषलाई निमोनिया भई असोज १२ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो । बनेपा-१०, काभेपलान्चोकका ६२ वर्षीय पुरुषलाई असोज २७ गते वीर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ ।उहाँको असोज २७ गते कोभिड-१९ पुष्टि भएको थियो । भक्तपुरका ८३ वर्षीय पुरुषलाई असोज २५ गते स्टार अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ ।उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ मधुमेहले ग्रसित हुनुहुन्थ्यो | उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७७२८ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३१२ जना बसिरहनुभएको छ भने १४२१ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२७६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३९०९ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १४०१५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०६१८१ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४* | ८९१० | २६४६६ | ३८३७३ | ९९६ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | १५२ | ११२३४ | ५५०५ | ३०५ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ७८२ | ११५२५ | ३७४५ | १०२ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ० | ११५८ | ३२ | | |
| नुवाकोट | ५४९ | ३ | २२ | ४० | ९६* | १५२ | ५२५१ | ३४१ | ४ | |
| धादिङ | ३१५ | ४ | १८ | १३७ | ५१ | ५४ | ४४९४ | ६९२ | १५ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १३२७ | १५७७९ | ३१७८ | ५० | |
| सिन्धुली | ३१३ | ८ | ४० | ४३ | १४४* | ३२२ | ३५०६ | २८८ | ८ | |
| मकवानपुर | १५५ | १ | ४ | २४५ | ६६ | ५ | १२६१३ | २११५ | ५२ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १८ | १४७९ | २६४ | ३ | |
| दोलखा | १९३ | ३ | ३५ | ४४ | ६ | २२२८ | २२४४ | १८८ | ४ | |
| काभ्रेपलान्चोक | ६७८ | २३ | ७१ | १७६ | ८८ | ४७ | ५६३९ | ९८० | ३६ | |
| सिन्धुपाल्चोक | ७८९ | ११ | १०१ | १२६ | ४३ | १८ | ४७९३ | २९८ | १९ | |
| जम्मा | ७७२८ | ३१२ | १४२१ | ३२७६ | ३९०९ | १४०१५ | १०६१८१ | ५५९९९ | १५९४ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*केहि होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ९०१२ | २३४ | ३२३ | ७२ जनाः<br>सिन्धुली-२८, काभ्रेपलान्चोक-२०, भक्तपुर-१२, सिन्धुपाल्चोक-९, ललितपुर-२, फलोअप-१ | २५१ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २७२८७ | २११ | ३५९ | १७१ जनाः<br>मकवानपुर-१६०, भक्तपुर-२, चितवन-१, दोलखा-१, नुवाकोट-१, फलोअप-६ | १८८ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट व्यवस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई